**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, संस्कृत उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणीको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**द्वितीय पत्र :- संस्कृत**

## खण्ड (क) - ३० अंक

**१. संस्कृत भाषा** **१०%**

- १.१ संस्कृत भाषाको परिचय र यसका विशेषता ।
- १.२ भाषा विज्ञानको दृष्टिकोणले संस्कृत भाषाको वैशिष्ट्य ।
- १.३ ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानको सामान्य परिचय, विशेषता र संस्कृत भाषामा यसको समुचित प्रयोग ।
- १.४ संस्कृत भाषाको उत्पत्ति, विकास र समसामयिक स्थितिको सामान्य परिचय
- १.५ नेपालको धर्म, संस्कृति, ज्ञान, विज्ञान, परम्परा, रीतिरिवाज, सदाचार, कला, साहित्य, दर्शन र मूल्यमान्यतामा संस्कृतको प्रभाव ।
- १.६ नेपालमा संस्थागत रूपमा संस्कृत शिक्षाको विकासक्रम ।
- १.७ वैदिक संस्कृत भाषा र लौकिक संस्कृत भाषाको सामान्य परिचय र भिन्नता ।
- १.८ नेपालका प्राचीन शिलालेख र संस्कृत भाषा ।
- १.९ नेपालमा प्रचलित राष्ट्र भाषा, राष्ट्रिय भाषा र संस्कृतसँग यिनीहरुको सम्बन्ध ।

**२. संस्कृत व्याकरण** **१०%**

- २.१ वर्ण समाम्नाय, प्रत्याहार, वर्णोच्चारणस्थान, प्रयत्न, संज्ञा, सन्धिको परिचय, प्रयोग साधन र यसको ज्ञान ।
- २.२ सुबन्त (नाम, सर्वनाम, सङ्ख्या वाचक आदि शब्दहरु) को प्रयोग साधन, रूपावली ज्ञान र वाक्यमा प्रयोग ।
- २.३ तिङन्त (व्यवहारोपयोगी धातुहरुको प्रयोग साधन, रूपावलीको ज्ञान र वाक्यमा प्रयोग) ।
- २.४ कृदन्त, तद्धितान्त (शब्द निर्माण प्रक्रिया रूप साधन र प्रयोग) ।
- २.५ कारक र समासगत (शब्द निर्माण प्रक्रिया रूप साधन र प्रयोग) ।
- २.६ स्त्रीप्रत्ययान्त (शब्द निर्माण प्रक्रिया र प्रयोग साधन) ।

**४. संस्कृत वाङ्मय परिचय** **१०%**

- ४.१ संस्कृत वाङ्मयको इतिहास (प्रमुख धारा र प्रतिभाहरुको सामान्य ज्ञान) ।
- ४.२ वेद, ब्राह्मणग्रन्थ र उपनिषद्को सामान्य परिचय, वेदाङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द ज्योतिष) को सामान्य परिचय, यिनका कार्य र उत्पत्ति एवं विकास ।
- ४.३ पुराणको लक्षण, पुराण प्रतिपाद्य मुख्य विषयहरुको पहिचान, पुराण र उप पुराणको नाम ।
- ४.४ रामायण र महाभारतमा प्रतिपादित विषयको सामान्य जानकारी र यी दुई ग्रन्थको महत्ता ।
- ४.५ भास, कालिदास, अश्वघोष, भारवि, भवभूति, माघ, बाण भट्ट, श्रीहर्ष, प्रताप मल्ल, शक्ति बल्लभ, छविलाल, सुकृतिदत्त पन्त, कुलचन्द्र गौतम, पण्डितराज सोमनाथ सिग्देलको परिचय र कृतिगत सामान्य समीक्षा ।
- ४.६ संस्कृत महाकाव्य, खण्डकाव्य, चम्पूकाव्य, नाटक र गद्यकाव्यको सामान्य परिचय र भेदहरु, रस अलङ्कार, रीति, वक्रोक्ति ध्वनि र औचित्य सम्प्रदायको सामान्य परिचय
- ४.७ षड् दर्शनको सामान्य परिचय ।

## खण्ड (ख) - ३० अंक

**३. रचना प्रक्रिया** **१०%**

- ३.१ वाक्य परिचय, वाक्य प्रकार, उद्देश्य र विधेयको ज्ञानको साथै कर्तृवाच्य, कर्मवाच्य, भाववाच्यको वाक्य सङगठन प्रक्रियालाई आत्मसात् गरी शुद्ध वाक्य निर्माण गर्ने र वाच्यपरिवर्तन ।
- ३.२ अशुद्ध वाक्यमा रहेका सन्धि, विशेष्य, विशेषण, शब्दरूप, धातुरूप, लिङ्ग, वचन, पुरुष, कारक, समास, तद्धित, लकार, कृदन्त, अव्ययका आधारमा संशोधन गरी शुद्ध वाक्य निर्माण ।
- ३.३ अनुच्छेद लेखन तथा पदसङ्गतिमा आधारित टिप्पणी र प्रतिवेदन लेखन ।
- ३.४ सारांश लेखन ।
- ३.५ पत्र लेखन, निबन्ध लेखन र प्रचलित संस्कृत साहित्यिक/कृतिहरुको समीक्षा ।

**७. संस्कृत शिक्षण र भाषिक विधा शिक्षण** **१०%**

- ७.१ संस्कृत भाषा शिक्षणको परिचय, आवश्यकता र उपादेयता ।
- ७.२ संस्कृत भाषा शिक्षणका आधारभूत सिद्धान्तहरु ।
- ७.३ संस्कृत भाषिक सीप र तिनका क्रियाकलापहरु ।
- ७.४ शास्त्रीय भाषाको रूपमा संस्कृतभाषा शिक्षण ।
- ७.५ नेपालमा संस्कृत भाषा पठनपाठनको उद्देश्य र कार्यप्रणाली ।
- ७.६ विद्यालय तहमा संस्कृत भाषा शिक्षणका उद्देश्यहरु ।
- ७.७ विद्यालय तहमा वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य, नीतिशास्त्र आदि विषयहरु शिक्षण गर्नका उद्देश्यहरु ।
- ७.८ भाषिक सीप र तिनका क्रियाकलापहरु, संस्कृत भाषा शिक्षण गर्दा र संस्कृतका शास्त्रीय विषयहरु शिक्षण गर्दा अपनाउनुपर्ने प्राचीन र आधुनिक विधिहरु ।
- ७.९ गद्य, पद्य, नाटक आदिका माध्यमले संस्कृत भाषा शिक्षणका सीपहरु (श्रवण, कथन, पठन र लेखन) ।

**१०. मूल्याङ्कनको परिचय** **१०%**

- १०.१ संस्कृत भाषा सम्बद्ध सीप र शास्त्रीय विषयहरुको मूल्याङ्कनका प्रक्रियाहरु ।
- १०.२ विशिष्टीकरण तालिकाको परिचय र उपयोग ।
- १०.३ विभिन्न प्रयोजनकालागि प्रश्न पत्र सङ्कलन, विश्लेषण र निर्माण ।
- १०.४ निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको परिचय ।

## खण्ड (ग) - २० अंक

**५. सम्पादन र अनुवाद** **१०%**

- ५.१ पाण्डुलिपिको सम्पादन/भौतिक पक्ष ।
- ५.२ विषयवस्तु, सम्पादन प्रक्रिया (पाठ्यवस्तु, चित्र, अभ्यास यिनीहरुको आपसी सम्बन्ध)
- ५.३ सम्पादन कलाको ज्ञान (सम्पादनका चिन्हहरु समेत) ।
- ५.४ अनुवाद गर्दा ध्यान पु-याउनुपर्ने विषयहरु (मूलकृति/मूलविषय, शब्दभण्डार, समानान्तर शब्दको चयन) ।
- ५.५ अनुवाद (भावानुवाद र छायानुवाद) को विशेषता र अनुवाद शिल्पको ज्ञान ।
- ५.६ सम्पादन एवं पुनरावलोकन ।

**६. शोध र अनुसन्धान** **१०%**

- ६.१ शोधको परिचय, शोध प्रक्रिया र अङ्गहरु ।
- ६.२ शोध प्रस्ताव, परिचय र विशेषता ।
- ६.३ अनुसन्धान प्रतिवेदन, पादटिप्पणी र सन्दर्भ सामग्री ।

## खण्ड (घ) - २० अंक

**८. शिक्षण योजना र शिक्षण सामग्री** **१०%**

- ८.१ योजनाको परिचय, शिक्षण योजना, यसका अङ्गहरु र संस्कृत भाषा शिक्षणका पूर्वाधारहरु ।
- ८.२ संस्कृतसम्बन्धी वार्षिक कार्यक्रम र कार्यहरुको उपलब्धिसूचक सहितको कार्ययोजना ।
- ८.३ संस्कृत पाठ्यक्रम निर्माण योजना (पञ्चवर्षीय, दशवर्षीय, परिमार्जन सुधार,विकास,अद्यावधिक) ।
- ८.४ संस्कृत भाषा शिक्षणको र शास्त्रीय विषय शिक्षणका वार्षिक, मासिक, साप्ताहिक, एकाइ र दैनिक पाठ योजना, परिचय र प्रयोग ।
- ८.५ संस्कृत भाषा शिक्षण र सामग्रीको परिचय, वर्गीकरण, विकास, प्रयोग र उपयोगिता ।
- ८.६ संस्कृत भाषा र शास्त्रीय विषय शिक्षणका चुनौती र समाधान ।
- ८.७ संस्कृत पठनपाठनमा ह्रास आउनुका कारणहरु र यसको समाधान ।
- ८.८ विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरुले औंल्याएका संस्कृतसम्बन्धी सुझावहरु ।

**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, संस्कृत उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणीको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**९. संस्कृतका पाठ्यक्रम र पाठ्यपुस्तक** **१०%**

९.१ संस्कृतका पाठ्यक्रम र पाठ्यपुस्तकको परिचय, विशेषता र आधारहरु ।
९.२ संस्कृत पाठ्यक्रमको विकासक्रम (२०२८ पूर्व र पश्चात्) ।
९.३ पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक रचनाका सिद्धान्तहरु ।
९.४ प्राथमिक, निम्न माध्यमिक र माध्यमिक पाठ्यक्रम ।
९.५ संस्कृत पाठ्यक्रमका उद्देश्य, क्षेत्र, क्रम, शिक्षण विधि र मूल्याङ्कन ।
९.६ विद्यालय शिक्षा र उच्च शिक्षाको अन्तर सम्बन्ध र पाठ्यक्रमको क्रमबद्धता ।
९.७ पाठ्यक्रम पाठ्यपुस्तक निर्माण प्रक्रिया, परीक्षण, कार्यान्वयन एवं मूल्याङ्कन ।
९.८ शिक्षक निर्देशिका, प्रशिक्षण सामग्री निर्माण ।

विशेष : यस पाठ्यक्रमका आधारमा गरिने मूल्याङ्कन तथा प्रश्न पत्रहरुको माध्यम संस्कृत भाषा नै हुनेछ

-------------------------------

**द्वितीय पत्रको एकाईहरुको प्रश्नसंख्या निम्नानुसार हुनेछ**

| द्वितीय पत्रका खण्ड | A | | | B | | | C | | D | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| द्वितीय पत्रका एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| प्रश्न संख्या | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |

**<u>विषयगतनिदर्शनप्रश्नाः</u>**

१. भाषावैज्ञानिकदृष्ट्या संस्कृतस्य महत्व प्रकाशयत ।

२. धातुभ्यः कर्म–कर्तृ - भावेषु लकारविधानं सुस्पष्टयत ।

३. उपमायाः प्रयोगे कालिदासस्य निपुणतां सोदाहरणं विवेचयत ।

४. पाण्डुलिपि - सम्पादने का रीति : समीचीनेति सोपपत्तिकं निर्दिश्य पाण्डुलिपिसम्पादनं कथं कर्तव्यमिति सयुक्तिकं निदर्शयत ।

५. भाषाशिक्षणे अवलम्बनीयानां विधीनां परिचयमुपस्थाप्य संस्कृतभाषाशिक्षणे को विधिः सविशेषमुपयुज्यत इति सयुक्तिकमुपस्थापयत ।

६. विद्यालयशिक्षायां शिक्षकनिर्देशिकाया महत्व समुद्घाट्य पाठ्यक्रमनिर्माणे अवलम्बनीयां सरणिं प्रदर्शयत ।

लोक सेवा आयोग

**लोक सेवा आयोग**
**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, संस्कृत उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणीको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ्ग, कृषि, वन, विविध र शिक्षा सेवाका सबै समूह/उपसमूह, राजपत्रांकित तृतीय श्रेणी र एवं स्वास्थ्य सेवाको सातौं र आठौं तहका पदहरुमा प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र लिइने **सामूहिक परीक्षण (Group Test)** को लागि

## सामूहिक छलफल (Group Discussion)

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफल (Leaderless Group Discussion) को रुपमा अवलम्वन गरिने छ । दिइएको प्रश्न वा Topic का विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ । यस परीक्षणमा मूल्याङ्कनको लागि देहाय अनुसारको ३ जना भन्दा बढीको समिति रहनेछ ।

| | | |
|---|---|---|
| आयोगका सदस्य | - | अध्यक्ष |
| आयोगका सदस्य | - | सदस्य |
| मनोविज्ञ | - | सदस्य |
| दक्ष/विज्ञ (१ जना) | - | सदस्य |

## सामूहिक छलफलमा दिइने नमुना प्रश्न वा Topic

उदाहरणको लागि - उर्जा संकट, गरीबी निवारण, स्वास्थ्य बीमा, खाद्य सुरक्षा, प्रतिभा पलायन जस्ता Topics मध्ये कुनै एक Topic मात्र दिइनेछ ।